**निर्णय १**

६९ औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाउन इटहरी उपमहानगरपालिकाका नगरप्रमुख श्री द्वारिकलाल चौधरीज्यूको संयोजकत्वमा निम्नानुसारका पदाधिकारीहरु रहने गरी मूल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | नगरप्रमुख |
| सदस्य | माननीय सांसदज्यूहरु सँघ |
| सदस्य | माननीय सांसदज्यूहरु प्रदेश |
| सदस्य | पूर्व सांसदज्यूहरु |
| सदस्य | नगरपालिकाका पूर्व नगरप्रमुखज्यूहरु |
| सदस्य | नगर स्थित राजनीतिक दलका प्रमुखज्यूहरु |
| सदस्य | उप प्रमुख इटहरी उपमहानगरपालिका |
| सदस्य | नगरपालिका स्थित सम्पूर्ण कार्यालय प्रमुखज्यूहरु |
| सदस्य | नगरकार्यपालिकाका सदस्यज्यूहरु |
| सदस्य | नगरपालिकामा पूवृ उपप्रमुखज्यूहरु |
| सदस्य | क्याम्पस प्रमुखज्यूहरु, प्राचार्यज्युहरु र प्रधानाध्यापकज्यूहरु |
| सदस्य | कर्मचारी तथा शिक्षकका संघ, संगठन, युनियन, मञ्च, केन्द्रका प्रमुखज्यूहरु |
| सदस्य | नागरिक समाजका प्रमुखज्यूहरु |
| सदस्य | उद्योगपति व्यापारी पत्रकारज्यूहरु |
| सदस्य | गैर सरकारी संघ संस्थाका प्रमुखज्युहरु |
| सदस्य | वडा सचिवज्यूहरु |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत, इटहरी उपमहानगरपालिका |

**निर्णय नं. २**

६९ औं राष्ट्रिय प्रजातन्त्र दिवसको उलक्ष्यमा फाल्गुण ६ गते विहान १०.०० वजे सबै सरकारी कार्यालयका कर्मचारीहरुको संलग्नतामा आ आफ्नो कार्यालय परिसरको सरसफाई गर्ने, साथै निजि तथा सामुदायीक विद्यालयहरुले बालक्लव र ग्रिन क्लवको अगुवाईमा विद्यालय परिसर तथा वरिपरिको क्षेत्रमा सरसफाई गरी मिति २०७५ फाल्गुण ६,७ र ८ गते साँझ कार्यालय, विद्यालय, स्थानीय शहर, चौक तथा घरघरमा दिपावली गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

फाल्गुण ७ गते विहान ७:३० वजे इटहरी चौकमा मुल समारोह समितिका सम्पूर्ण पदाधिकारीहरु उपस्थित भई सम्पूर्ण कर्मचारीहरु, सुरक्षाकर्मीहरु, समाजसेवी, वुद्धिजीवि, पत्रकार, उद्योगी, व्यापारी, नगरसभाका पदाधिकारी तथा स्थानीय धार्मिक सँघ संस्था राजयोग सेवा केन्द्र लगायतलाई समेत अनुरोध गरी संयुक्त र्‍याली गर्ने नगपालिकामा आई निम्न कार्यक्रम गर्ने निर्णय गरियो ।

- शहीदहरु प्रति १ मिनेट मौनधारण गर्ने
- राष्ट्रिय गान र शहीदहरुको तस्वीरमा माल्यार्पण गर्ने
- प्रवचन कार्याक्रम गर्ने

प्रशासकीय अधिकृत

**निर्णय नं. ४**

नगरपालिकाको आ-आफ्नो नगर तथा वडाक्षेत्रमा प्रभातफेरी, साँस्कृतिक कार्यक्रम, खेलकुद, शहर टोलको सरसफाई तथा ६, ७, र ८ गते दिपावलीको कार्यक्रमहरु गर्ने  निर्णय गरियो ।

**निर्णय नं. ५**

६९ औं राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा फाल्गुण ७ गते स्थानीय एफ.एम.हरुलाई परिसंवाद कार्यक्रम सञ्चालन गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

६९ औं राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा फाल्गुण ७ गते नेपाल रेडक्रस सोसाईटी इटहरी शाखाबाट रक्तदान कार्यक्रमको आयोजना गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

नगरका सबै राजनीतिक दलहरुलाई आ आफ्ना कार्यकर्ता सहित ७:३० वजे सहभागी भई दिन अनुरोध गर्ने र कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई उक्त दिन विहान ७:३० वजे इटहरी चौकमा अनिवार्य उपस्थित गराई दिन कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

वडामा वडा अध्यक्षज्यूको नेतृत्वमा माथि उल्लेखित कार्यक्रमहरु गर्न नेतृत्व गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**

६९ औं प्रजातन्त्र दिवसको कार्यक्रमहरुको प्रचार प्रसार स्थानीय एफ. एम.हरुबाट प्रसारण गर्ने साथै माईकिङ्ग गरी नगरवासीहरुलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं.१०**

६९ औं प्रजातन्त्र दिवसको अवसरमा स्थानीय विद्यालयहरुमा २०७५ साल फाल्गुण ७ गते **"प्रजातन्त्र र मेरो भविश्य"** वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न अनुरोध गर्ने निर्णय गरियो ।